# बंगुर व्यवसाय औद्योगिक पार्क स्थापना कार्यक्रम संचालन विधि २०७६

## पृष्ठभूमी

नेपालमा विगत केही वर्षहरुबाट व्यवसायिक बंगुरपालनमा व्यापकता आएको छ । तर बंगुरको मासु ( पोर्क) को आन्तरिक उपभोगमा सो अनुसार वृद्धि नभएकोले बजारिकरणमा समस्या देखापरिरहेको अवस्था देखिन्छ । बंगुरको मासु को माग परम्परागत उपभोक्ताहरु ले नै बढी जसो धानिरहेको अवस्थामा यसलाई आन्तरिक खपत वृद्धि गर्न साथै गुणस्तरिय मासु उत्पादन गर्न र विदेशी पर्यटकहरुको समूहलाई आकर्षित गर्न सकिएको खण्डमा ठूलो परिमाणमा पोर्कको आन्तरिक खपत हुने अवसर साथै भारत, भुटान, तिब्बत लगायत मुलुकहरुमा पोर्क निर्यात भई बंगुर क्षेत्रको विकास तिव्र रुपमा हुन सक्छ । यो अवसरलाई उपयोग गर्न नेपाल सरकारले बंगुर व्यवसाय औद्योगिक पार्क स्थापना तथा संचालन कार्यक्रम अगाडी बढाएको छ । यो कार्यक्रमलाई सरल, सहज, पारदर्शी तथा प्रभावकारी रुपमा कार्यान्वयन गर्न सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन २०६४ को दफा १४ बमोजिम पशु सेवा विभाग बाट यो कार्यक्रम संचालन विधि स्विकृत गरी जारी गरिएको छ ।

## १. नाम र प्रारम्भः

(क) यो कार्यक्रम संचालन प्रकृयाको नाम " **बंगुर व्यवसाय औद्योगिक पार्क स्थापना कार्यक्रम संचालन विधि - २०७६** " हुनेछ ।

(ख) यो कार्यक्रम संचालन विधि पशु सेवा विभागले स्विकृत गरेको मितिदेखि लागु हुनेछ ।

### १.१ परिभाषाः

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा,

(क)" **बंगुर व्यवसाय औद्योगिक पार्क** " भन्नाले जिल्लाको कुनै निश्चित घेरा वा क्षेत्र वा तोकिएको स्थानमा कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, पशु सेवा विभागबाट तोकिएको मापदण्ड एवं आचारसंहिताको परिधिभित्र रहि स्थापना तथा संचालन भएका बंगुर फार्महरु, (मल्टिप्लायर फार्म ,फ्याटनर फार्म) लगायत वधशाला तथा अन्य व्यवस्थित संरचना भएको क्षेत्र सम्झनु पर्दछ ।

(ख) "**बंगुर**" भन्नाले जुनसुकै प्रकारको पाल्तु हुर्रा, सुंगुर वा बंगुर सम्झनु पर्दछ ।

(ग)" **मल्टिप्लायर फार्म** " भन्नाले न्यूक्लियस हर्डबाट प्राप्त उच्च नश्लका बंगुरलाई प्रजनन् गराई बंगुरको पाठापाठी उत्पादक फार्म सम्झनु पर्दछ ।

(घ)" **फ्याटनर फार्म** " भन्नाले मल्टिप्लायर फार्मका दुध छुटाई माउबाट अलग गरिएका बंगुरको पाठापाठी लाई वधयोग्य सम्म हुर्काउने फार्म सम्झनु पर्दछ ।

डा. बंशी शर्मा
महानिर्देशक

(ङ) " **न्यूक्लियस फार्म** " भन्नाले पशु सेवा विभागको मापदण्ड पुरा गरी संचालनमा रहेका बंगुरका शुद्ध नश्ल उत्पादन गर्ने फार्मलाई बुझिनेछ ।

(च) " **ऐन** " भन्नाले पशु वधशाला र मासु जाँच ऐन, २०५५ र सो को शंसोधन २०७५ सम्झनु पर्दछ

(छ) " **नियमावली** " भन्नाले पशु वधशाला र मासु जाँच नियमावली, २०५७ सम्झनु पर्दछ ।

(ज) **"विभाग"** भन्नाले पशु सेवा विभागलाई सम्झनु पर्दछ ।

(झ) **"पशु वधशाला वा वधशाला"** भन्नाले ऐनको दफा २ को खण्ड (ङ) र नियमावलीको नियम ६ को उपनियम (१) अनुसार व्यबस्था गरिएको पशु वध गर्नका लागि निर्माण गरिएको आधुनिक संरचना वा ठाउँलाई सम्झनु पर्दछ ।

(ञ)**"असल अभ्यास"** भन्नाले बंगुरपालन असल अभ्यास २०७३, सम्झनु पर्दछ ।

(ट) **"मन्त्रालय "** भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्दछ ।

(ठ) **"कार्यालय"** भन्नाले राष्ट्रिय पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालय सम्झनु पर्दछ ।

## २. उद्देश्य

- मूल्य श्रृंखलामा आधारित व्यवसायिक बंगुरपालन र उत्पादन प्रवर्द्धन गर्दै स्वच्छ, स्वस्थ र गुणस्तरिय बंगुरको मासु उत्पादनको प्रवर्द्धन गर्ने ।
- बंगुरको मासुलाई निर्यात योग्य वस्तुको रुपमा स्थापित गर्दै व्यवशायलाई स्वरोजगार प्रवर्द्धन उद्यमको रुपमा व्यवस्थापन गर्ने ।
- रोग नियन्त्रण क्षेत्र वा फार्म विकास गरी रोगमुक्त उत्पादन प्रणली विकास गर्ने ।
- पशु वधशाला तथा मासुजांच ऐन क्रमिक रुपमा लागू गराई स्वच्छ तथा स्वस्थ मासु उत्पादन गर्ने ।

३. कार्यक्रम संचालन सम्बन्धी व्यवस्था :

३.१ जिल्ला छनौट : यो कार्यक्रम पहिलो चरणमा सुनसरी जिल्ला मा संचालन गरिनेछ । साथै सफलता र प्रभावकारिताको आधारमा आगामि वर्षहरुमा क्रमिक रुपले अन्य जिल्लाहरुमा कार्यक्रम विस्तार गर्दै लगिनेछ ।

पशु सेवा विभाग हरिहरभवन, ललितपुर

डा. बंशी शर्मा
महानिर्देशक

३.२ स्थानको छनौट : पार्क स्थापना गर्दा घना मानव वस्ती भन्दा अलग्गै सडक, विजुली, पानी लगायतका आवश्यक पूर्वाधार सहितको सरकारी, सामुदायिक वा निजी जग्गामा गरिनेछ । तर निजी तथा सामुदायिक जग्गा लिज वा भाडामा लिंदा कम्तिमा २० वर्षको करारनामा हुनुपर्नेछ । पार्क अन्तरगतका सम्पूर्ण कम्पोनेन्टहरु सोही एकिकृत जग्गामा स्थानिय निकाय, निजी उधमी, समुह, समिति, सहकारी, संघ वा कम्पनीबाट संचालन हुनेछन् ।

सो पार्कक्षेत्र भित्र तोकिएको मापदण्ड अनुसार बंगुर बाहेक अन्य पशुपन्छीपालन गर्न पाईनेछैन ।

निर्माण शुरु भएको पार्कमा विभागले तोकेको मापदण्ड अनुसार संरचना निर्माण र प्राविधिक व्यवस्था गर्नुपर्नेछ ।

स्थान छनौट पश्चात सो स्थानहरुको प्रारम्भिक वातावरणिय परिक्षण IEE गरी स्विकृति सम्मको कार्य मन्त्रालय, विभाग लगायतका केन्द्रिय निकायबाट हुनेछ ।

३.३ पार्क भित्र संचालन हुने कृयाकलापहरु :

- पार्क भित्रको जग्गा पहिचान पश्चात पार्कभित्र हुने कार्यहरु, निर्माण गरिने संरचना आदिको आधारमा विस्तृत डिजाईन ईस्टिमेट गरिनेछ ।
- सार्वजनिक नीजि साझेदारिमा जग्गा लेभलिङ, पर्खाल निर्माण, पानीको व्यवस्थापन जस्ता प्रारम्भिक कार्यपश्चात पहिलो चरणमा खोर निर्माण गरी असल बंगुरपालन अभ्यास लागू भएका फार्म ( ब्रिडर र फ्याटेनर ) संचालन हुनेछन् ।
- तोकिएका अन्य संरचनाहरु क्रमशः निर्माण गर्दै सार्वजनिक नीजि साझेदारिमा पूर्ण रुपमा पार्क संचालन गरिनेछ ।
- स्वच्छ मासु उत्पादन तथा विकी वितरणका लागि प्रविधि र क्षमता विकास, बजार संयन्त्र संजाल विकास लगायतका आवश्यक कार्यक्रमहरु क्रमिक रुपले संचालन गरिनेछ ।
- बंगुरमा कृत्रिम गर्भाधान कार्य संचालन तथा विस्तारको लागि पार्क स्थापना गरिने जिल्लामा अन्य जिल्लाहरुमा समेत सेवा विस्तार गर्नेगरी प्रतिस्पर्धात्मक छनौट प्रणालिबाट निजी उधमी, समुह, समिति, सहकारी, संघ वा कम्पनीबाट संचालन भएको उत्कृष्ट बंगुर फार्मलाई छनौट गरि कृ.ग. केन्द्र स्थापना गरिनेछ । सो कार्यका लागि वजेट व्यवस्थापन, सुचना प्रकाशन देखि फार्म छनौट सम्मका कार्य यस कार्यालयबाट गरिनेछ ।
- पार्क संचालनमा सहयोग एव समन्वय का लागि केन्द्रीय बंगुर व्यवशाय समन्वय समिति परिचालन गरिनेछ ।
- पार्क संचालन सार्वजनिक नीजि साझेदारीमा विषय तथा क्षेत्र अनुसार निजी क्षेत्र र सरकारी क्षेत्र बिच लगानी तोकिए अनुसार वा ५०।५० प्रतिशत साझेदारिमा हुनेछ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

डा. बंशी शर्मा
महानिर्देशक

३.४ कार्यक्रम संचालन विधि

- कार्यक्रम संचालनका लागि केन्द्रबाट अनुसुची १ बमोजिमको ढांचामा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार सुचना प्रकाशन गरिनेछ ।
- सुचना प्रकाशन पश्चात सम्बन्धित सरोकारवालाहरुले अनुसुची २ र ३ मा तोकिएको ढांचाअनुसार शीलबन्दि प्रस्ताव पेश गर्नुपर्नेछ ।
- प्रस्तावहरुको मुल्यांकन तथा छनौट सार्वजनिक खरिद ऐन, अनुसार गठीत **प्रस्ताव मुल्यांकन समिति** ले गर्नेछ साथै प्रस्ताव मुल्यांकनका आधारहरु अनुसुची ४ मा उल्लेख गरेबमोजिका हुनेछन । अन्तिम मुल्यांकन पश्चात छनौट गरिने साझेदारहरुको विवरण **केन्द्रिय बंगुर व्यवशाय समन्वय समिति** बाट अनुमोदन हुने एवं अन्तिम निर्णय पशु सेवा विभागको हुनेछ ।
- साझेदार संचालक छनौट पश्चात वार्षिक स्विकृत कार्यक्रम अनुसार यस कार्यालय र साझेदार संचालक बिच द्धिपक्षिय सम्झौता गरि कार्यक्रम अगाडि बढाईनेछ ।
- पार्कमा निर्माण हुने सम्पुर्ण संरचनाहरु एकै वर्षमा सम्पन्न हुन नसकेमा कार्यक्रमलाई निरन्तरता दिन क्रमागत बहुवर्षिय आयोजनाको प्रस्ताव तयार गरि चालु आ.व. र आगामी २ आ.व. मा समेत बजेट व्यवस्था गरि निर्माण सम्पन्न गराई बंगुर व्यवशाय औद्योगिक पार्क संचालनमा ल्याईनेछ । प्रथम वर्ष छनौट भएको साझेदार संचालकसंग सम्झौता गरिगराई अधुरो कार्यलाई पुर्णता दिईनेछ ।

३.५ भुक्तानि प्रकृया

सम्बन्धित साझेदारले शुरुमा सम्झौता अनुसारको कार्य सम्पन्न गरि नियमानुसारको बिल भरपाई, सम्बन्धित प्राविधिकले तयार गरेको रनिङ बिल, कार्य सम्पन्न प्रतिवेदन तथा अन्य आवश्यक कागजातहरु सहित भुक्तानिको लागि अनुरोध गरे पश्चात स्थलगत निरीक्षण गरि मनासिफ ठहरेमा सम्पन्न भएको कामको मात्र भुक्तानि दिईने छ । रकमको भुक्तानि **कृषि व्यवशाय प्रवर्द्धन अनुदान कार्यविधी २०७६**, सम्बन्धित साझेदारको बैंक खातामा दिईनेछ । प्रस्ताव बमोजिम सम्बन्धित साझेदारको लगानि कम्तिमा ५० प्रतिशतको हुनुपर्नेछ ।

पशु सेवा विभाग

डा. बंशी शर्मा
महानिर्देशक

**अनुसुची १**

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय
पशु सेवा विभाग
राष्ट्रिय पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालय, हरिहरभवन, ललितपुर

**बंगुर व्यवसाय औद्योगिक पार्क स्थापना कार्यक्रम संचालनका लागि प्रस्ताव पेश गर्ने सम्बन्धि सुचना**

**प्रथम पटक सुचना प्रकाशन मिति ............**

यस कार्यालयको आ.व.................. को वार्षिक स्विकृत कार्यक्रम अनुसार .................. जिल्लामा बंगुरको मासुलाई निर्यात योग्य वस्तुको रुपमा स्थापित गर्दै व्यवशायलाई स्वरोजगार प्रवर्द्धन उधमको रुपमा व्यवस्थापन गर्न स्थापना तथा संचालन गरिने **बंगुर व्यवसाय औद्योगिक पार्क** का लागि एकिकृत रुपमा निम्न कम्पोनेन्टहरु एकै स्थानमा स्थापना गरि संचालन गर्न इच्छुक व्यक्ति/समुह/संघ/सहकारी/कम्पनी ले यो सुचना प्रकाशन भएको मितिले ........ दिन भित्र यस कार्यालयमा एकिकृत शिलबन्दि प्रस्ताव पेश गर्नुहुन अनुरोध गरिन्छ। साथै कार्यक्रम संचालन प्रकृया र अन्य थप जानकारी का लागि राष्ट्रिय पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालय, सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र वा यस कार्यालयको वेबसाईट www.nlrmpo.gov.np मा रहेको **बंगुर व्यवसाय औद्योगिक पार्क स्थापना कार्यक्रम संचालन विधी - २०७६** हेर्नुहुन अनुरोध गरिन्छ।

कम्पोनेन्टहरु :

- मल्टिप्लायर (पाठापाठी उत्पादक) फार्म
- फ्याटनर्स (वधयोग्य बंगुर उत्पादक) फार्म
- पार्कसंग आवद्ध रहने वधशाला वा वधस्थल वा मासु विकी केन्द्र (पार्कको क्षेत्र बाहिर रहने)
- फार्मको लागि आवश्यक पर्ने दाना तयारि वा खरिद तथा भण्डारणका लागि दाना उद्योग वा वितरक तथा भण्डारण गृह
- फार्मका लागि भेटेरिनरी क्लिनिकको व्यवस्था
- वायोग्यास प्लान्ट तथा मल व्यवस्थापन
- मासु ढुवानीको लागि फ्रिजर भ्यान

पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

डा. बंशी शर्मा
महानिर्देशक

## अनुसुची २

**बंगुर व्यवसाय औद्योगिक पार्क स्थापना कार्यक्रममा सहभागीहुनका लागि दिइने निवेदनको ढांचा**

श्रीमान् कार्यालय प्रमुख ज्यू,
राष्ट्रिय पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालय ......................

विषय : बंगुर व्यवसाय औद्योगिक पार्क स्थापना कार्यक्रममा सहभागी गराई दिने बारे ।

महोदय,

मिति २०७६/ / गतेको ................राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना वमोजिम हामीलाई उक्त कार्यक्रममा सहभागी भई कार्य गर्न तिव्र ईच्छा भएकोले निम्नानुसार कागजात राखी एकल/संयुक्त रुपमा निवेदन गर्दछु/गर्दछौं । म/हामी कार्यक्रम संचालन प्रकृयामा समावेश भएमा निर्धारित प्रकृया तथा शर्त अनुसार सम्बन्धित जिल्ला भित्रै रही कार्य गर्दछु/गर्नेछौं ।

पुनश्च : तपसिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु / गर्दछौं ।

तपसिल

- ✓ अनूसूची ३ अनुसारको संक्षिप्त कार्ययोजना
- ✓ नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी
- ✓ फर्म/समुह/समिति/सहकारी/कम्पनी सम्वन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपी
- ✓ अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता, अनुभव, जग्गा भाडा सम्झौतापत्र आदि) को प्रतिलिपीहरु
- ✓ परियोजनाको प्राविधिक तथा आर्थिक प्रस्ताव ( पार्कका कम्पोनेन्टहरुबीच को समन्वय तथा व्यवस्थापनको पूर्ण विवरण खुल्ने गरी )
- ✓ पर्यावरणीय असरको न्यूनीकरण गर्ने उपाय र जैविक सुरक्षा सम्बन्धि विवरण
- ✓ परियोजना छनौट भएमा कार्यान्वयन गर्ने प्रतिवद्धता

निवेदकको नाम, ठेगाना :
दस्तखत :
छाप :

पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

डा. बंशी शर्मा
महानिर्देशक

## अनुसूची-३

## बंगुर व्यवसाय औद्योगिक पार्क स्थापना कार्यक्रममा सहभागीताका लागि पेश गर्ने कार्ययोजना

व्यावशायिक फार्मको नाम :

संचालक :

ठेगाना :

सम्पर्क नं :

संचालन गरिने कार्य विवरण तथा लगानीको श्रोत

| क्र सं | संचालन गरिने कृयाकलापहरु | साझेदारको लगानी रु | कार्यक्रमबाट अपेक्षा गरिएको लगानी रु | जम्मा रु |
|---|---|---|---|---|
| १ | जग्गाको व्यवस्थापन, बारबन्देज वा पर्खाल तथा पानीको व्यवस्था | | | |
| २ | खोर निर्माण सुधार, बारबन्देज, जैविक सुरक्षा व्यवस्थापन | | | |
| ३ | दानाको तयारि तथा भण्डारण व्यवस्था | | | |
| ४ | भेटेरिनरी सेवा तथा प्रमाणीकरण | | | |
| ५ | पाठापाठी, वीर तथा माउ व्यवस्थापन | | | |
| ६ | अन्य पूर्वाधार विकास तथा व्यस्थापन | | | |
| ७ | उपकरण तथा मेशीनरी औजार | | | |
| ८ | अन्य | | | |
| ९ | कुल जम्मा | | | |

विगतको अनुभव :

हालको स्टक :

हालको पूर्वाधारहरुको बनोट तथा अवस्था :

श्रम व्यवस्थापन :

पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

डा. बंशी शर्मा
महानिर्देशक

उत्पादित वस्तुको बजार :

बजार संगको समन्वय :

✓ पुनश्च : पार्कको कुनै एक कम्पोनेन्ट वा फरक फरक कम्पोनेन्टहरुको साझेदार संचालक एकै व्यक्ति नभई समुह, समिति, संघ वा सहकारी वा कम्पनी भएमा प्रत्येक कम्पोनेन्ट संचालनार्थ छुट्टाछुट्टै कार्ययोजना अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

निवेदकको नाम, ठेगाना :

दस्तखत :

छाप :

## अनुसुची ४

## बंगुर व्यवसाय औद्योगिक पार्क स्थापना कार्यक्रममा सहभागीताका लागि साझेदार संचालक छनौटका आधारहरु ( प्रस्ताव मुल्यांकन समितिले अवलम्बन गर्ने आधारहरु )

१. स्थानको उपयुक्तता (सामाजिक, भौगोलिक एवं वातावरणिय दृष्टिकोणले व्यवशायको सम्भाव्यता) १० अंक

- जमिनको उपयुक्तता : १० बिगाह क्षेत्रफल भए ६ अंक ५ बिगाह सम्म ४ र सो भन्दा कम भए १
- मुख्य राजमार्गबाट २०० मिटरको दुरी तथा सहायक राजमार्गबाट ५० मिटरको दुरी भए ४ अंक, सो भन्दा कम भए २ अंक

२. पूर्वाधारको विकास एवं विकासका सम्भावनाहरु २० अंक

- समथर जमिन भए ५ अंक
- थप विस्तार गर्न सकिने जमिन भए ५ अंक
- बंगुरपालनका पूर्वाधारहरु केही हदसम्म तयार भएको ५ अंक
- जग्गा २० वर्षको लागि लिजमा लिएको सम्झौता पत्र ५ अंक

३. हाल संचालित कार्यक्रम एवं कृयाकलावहरुको अवस्था एवं अवसरहरु १० अंक

डा. बंशी शर्मा
महानिर्देशक

- आवेदकहरुले हाल पनि बंगुरपालन गरिरहेको ५ अंक
- बजार तथा बजारिकरण ५

४. कार्यक्रमको लागि आवश्यक योग्यता, तालिम एवं अनुभव १० अंक

- विगत २ वर्ष देखि बंगुर पालन व्यवशाय गरिरहेको भए ५ अंक, १ वर्ष वा सो भन्दा कम भए २ अंक
- समुहमा आफनै जे.टि.ए. भएको भए ५ अंक

५. पेश गरेको कार्ययोजना ४० अंक

६. जैविक सुरक्षाको अवस्था १० अंक

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

डा. बंशी शर्मा
महानिर्देशक